# फालेलुङ गाउँपालिकाको लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

**पृष्ठभूमि** : फालेलुङ गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमूखी, सेवामूखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५, दफा २२ को व्यवस्था बमोजिम गाउँ सभाबाट गठित लेखा समितिको काम, कर्तव्य र दायित्वलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाको मिति : २०७८/०२/१७ गतेको को १४ औं बैठकको निर्णय बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## भाग : १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमावलीको नाम 'फालेलुङ गाउँपालिकाको लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८' रहने छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :

(१) 'गाउँपालिका' भन्नाले फालेलुङ गाउँपालिका सम्झनुपर्छ ।

(२) 'कार्यविधि' भन्नाले 'फालेलुङ गाउँपालिकाको लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८' सम्झनुपर्छ ।

(३) 'कार्यालय' भन्नाले फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय र ८ वटै वडा कार्यालयहरु समेत सम्झनुपर्छ ।

(४) 'समिति' भन्नाले फालेलुङ गाउँपालिकाको गाउँसभाबाट गठित लेखा समितिलाई सम्झनुपर्छ ।

(५) 'अध्यक्ष' भन्नाले फालेलुङ गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ ।

(६) 'उपाध्यक्ष' भन्नाले फालेलुङ गाउँपालिका उपाध्यक्ष सम्झनुपर्छ ।

(७) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले फालेलुङ गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(८) 'कार्यपालिका' भन्नाले फालेलुङ गाउँपालिका को गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(९) 'गाउँसभा' भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा १ बमोजिमको फालेलुङ गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(१०) 'पदाधिकारी' भन्नाले फालेलुङ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य सम्झनुपर्छ ।

(११) 'योजना' भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई सम्झनुपर्छ ।

(१२) 'वडा' भन्नाले फालेलुङ गाउँपालिकाका ८ वटा सम्झनुपर्छ ।

(१३) 'वडा समिति' भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनुपर्छ ।

(१४) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(१५) 'गाउँपालिकाको शाखा, उपशाखा र इकाइ' भन्नाले फालेलुङ गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक संगठनात्मक स्वरुप अनुरुप स्थापना गरिएका शाखाहरु, उपशाखाहरु र इकाइहरु सम्झनुपर्छ ।

(१६) ‘राजस्व’ भन्नाले गाउँपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो बापतको जरिवानालाई जनाउँछ । सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ ।

(१७) ‘लेखा’ भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेत सम्झनुपर्छ ।

(१८) ‘वार्षिक बजेट’ भन्नाले गाउँपालिकाको निःशर्त, सशर्त, वित्तीय समानीकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनुपर्छ ।

(१९) ‘वार्षिक बजेट तथा कार्यक्रम’ भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनुपर्छ ।

(२०) ‘बेरुजू’ भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनुपर्छ ।

(२१) ‘आर्थिक अनियमितता’ भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई सम्झनुपर्छ ।

(२२) ‘लेखापरीक्षण’ भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ, छैन भनेर गरिने परीक्षण सम्झनुपर्छ ।

(२३) ‘संयोजक’ भन्नाले फालेलुङ गाउँपालिकाको लेखा समितिको संयोजक सम्झनुपर्छ ।

(२४) ‘सदस्य’ भन्नाले फालेलुङ गाउँपालिकाको लेखा समितिको सदस्य सम्झनुपर्छ ।

## भाग : २
## लेखा समिति गठन

**३. लेखा समिति गठन र कार्यक्षेत्र :**

(१) गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ गाउँसभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ :

(क) गाउँसभाका सदस्यका रुपमा रहेका कार्यपालिकाका सदस्यहरुमध्ये १ जना : संयोजक

(ख) गाउँसभाका सदस्यहरुमध्येबाट दुईजना : सदस्य

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्नेछन् । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा कार्य गर्नेछ ।

(३) समितिको बैठकमा समितिका संयोजकले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र गाउँपालिका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको पदावधि गठन भएको मितिले २ वर्ष ६ महिना हुनेछ । तर गाउँसभाले सो समिति परिवर्तन गर्न आवश्यक नठानेमा समितिले स्वत निरन्तरता पाउनेछ ।

(५) फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु र वडा कार्यालयहरुको आर्थिक क्रियाकलाप यसको काय

## भाग : ३

## लेखा समितिको काम, कर्तव्य र अधिकार

४. नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई सुझाब र गाउँसभा समक्ष प्रतिवेदन पेश गर्नेछ।

**(क) कार्यपालिकालाई सुझाब दिने विषयहरु :**

(१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा रकम संकलन लक्ष्य बमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा आवश्यक सल्लाह सुझाब

(२) वार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनुपर्ने रणनीतिका सम्बन्धमा।

(३) कार्यपालिकाबाट गाउँपालिकाको राजस्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाब दिनुपर्ने भएमा सो सम्बन्धमा सुझाब।

(४) गाउँ कार्यपालिकाको कार्यालयमा भए गरेका कार्यमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाब।

(५) पेश्की, बेरुजूको अवस्था विश्लेषण गर्दै सो को फर्छ्यौटका लागि आवश्यक रणनीतिक सुझाब प्रदान।

(६) गाउँ कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषयमध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा गाउँ कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परीक्षण गरी कार्यपालिकालाई सुझाब प्रदान गर्ने।

(७) गाउँपालिकाको आन्तरिक लेखा परीक्षकको चौमासिक प्रतिवेदनमाथि समीक्षा।

(८) गाउँपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाब प्रदान।

(९) वित्तीय सुशासनका विषयमा गाउँ कार्यपालिकाले सुझाब मागेका विषयमा आवश्यक परामर्श।

**(ख) गाउँसभा समक्ष पेश गर्ने विषयहरु :**

(१) गाउँसभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझाबहरु समेत सभामा पेश गर्नु पर्नेछ।

(२) गाउँसभाबाट स्वीकृत अनुमानित श्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने।

(ग) गाउँपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लिखित कार्यक्रम सञ्चालन भए वा नभएको :

(घ) लेखापरीक्षणबाट औंल्याइएका बेरुजू तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजू र आर्थिक अनियमिततालाई नियमित एवं असुल फर्छ्यौट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने ।

(ङ) वडा कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको बारेमा वडा अनुसार श्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने र कुन वडा के कारणले कोभन्दा पछाडि परेको भन्ने समेत प्रतिवेदन तयार गर्ने ।

(च) समितिले कार्यपालिकालाई दिएका सुझाबहरु र सो को कार्यान्वयन अवस्थाका बारेमा प्रतिवेदन ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार गाउँपालिकाभित्रका उद्यमी, व्यापारी तथा स्थानीय बुद्धिजीवीलाई आवश्यकताका आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात गाउँपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह र सुझाब लिखित र मौखिक रुपमा दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## भाग : ४
## लेखा समितिको बैठक सम्बन्धी व्यवस्था

५. समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

६. लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन् ।

७. लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई गाउँसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

## भाग : ५
## लेखा समितिको आचारसंहिता

८. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिता निम्नानुसार रहनेछ :

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मान्यता र सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

(३) गाउँवासीप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने ।

(४) गाउँपालिका र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लिखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) गाउँपालिकाका साधन श्रोतको दुरुपयोग गर्न नहुने ।
(६) प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनुपर्ने ।
(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने ।
(८) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने ।
(९) कसैको स्वभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने ।
(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

## भाग : ६
## विविधता

९. **प्रचलित कानून बमोजिम हुने** : यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउ** : यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

११. **संशोधन तथा खारेजी** : यो नियमावलीको संशोधन वा कुनै नियमा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।